कर्णाली प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय,मुगु

प.सं. २०७७/०७८

मिति: २०७७/०९/१०

सूचना ! सूचना!! सूचना !!!

# सूचिकृत हुने सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०९/१०)

प्रस्तुत विषयमा यस कृषि विकास कार्यालय मुगुको चालु आ.व २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कर्णालीको पहिचान दिने विशिष्ट बस्तु,रैथाने बाली तथा अर्गानिक बाली बस्तुको बजार प्रवर्द्धन गर्ने उद्धेश्यले **कर्णाली ब्राण्ड निर्माण तथा प्राङ्गारीक बस्तु बजारीकरणमा सहयोग कार्यक्रम र कर्णालीको पहिचान निर्यात बालीहरु (स्याउ सिमी आलु मह )को लागी बजारीकरण तथा निर्यातमा सहुलियत कार्यक्रमको लागी** तपशिलको सिमा र मापदण्ड बमोजिम अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस मुगु जिल्ला भित्रका कृषि पेशामा संलग्न ईच्छुक कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी /निजी कृषि फर्महरुलाई सुचिकृत हुनका लागी यो सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०७७/१०/१० गते) भित्र यस कार्यालयमा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी सुचिकृत हुनका लागी अनुरोध गरीन्छ । म्याद नाघि तथा रित नपुगी आएका कागजात उपर कुनै कारवाही हुने छैन । थप जानकारीको लागी कृषि विकास कार्यालयको फोन नं ०८७४६००८६ मा सम्पर्क गर्न सकिने छ भने Web site: adomugu.gov.np र कार्यालयको फेसबुक पेजमा समेत हेर्न सकिने छ ।

**तपशिल सीमा/मापदण्डहरु:**

| सि नं | कार्यक्रम | अधिकतम सीमा |
|---|---|---|
| १ | ब्राण्ड निर्माण | स्याउ सिमी आलु मार्से रैथाने बालीहरु मह अदुवा लगायतका अन्य बाली बस्तुहरुको एकिकृतरुपमा ब्राण्ड निर्माण गर्ने कार्य (प्राविधिक अध्ययन टोलीको प्रतिवेदनको आधारमा) वढीमा रु १ लाख |
| २ | प्याकेजिङ् सामग्री | अर्गानिक उत्पादनमा ५०% र अन्यमा २५% (बढीमा रु ६ लाख सम्म) |
| ३ | ढुवानी सहयोग | अर्गानिक उत्पादनमा ५०% र अन्यमा २५% (बढीमा रु ३ लाख सम्म)<br>हवाई सेवा मार्फत भएमा:जिल्लाबाट सुर्खेत/नेपालगञ्ज सम्म<br>अन्य तरीकाबाट भएमा:जिल्लाबाट सुर्खेत/नेपालगञ्ज दाङ तुलसीपुर सम्मको मात्र । |
| ४ | निर्यातमा सहयोग | देश बाहिर निकासीको हकमा अर्गानिक प्रमाणीकरण र रेकर्डको आधारमा निर्यातकर्तालाई प्रमाणिकरणको खर्च ५०% (बार्षिक रु ७लाख ५०हजार सम्म) |

कर्णाली प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय,मुगु

प.सं. २०७७/०७८

न्युनतम मापदण्डहरु:

१.तोकिएको निकायबाट ढुवानी गर्दा प्रस्थान बिन्दुको चलानी र गन्तव्य विन्दुको प्रासिको प्रमाणीत विवरण हुनुपर्ने ।

२.मुलुक बाहिर निकासीको हकमा निर्यात प्रमाण र अर्गानिक प्रमाणीकरण खर्चको रसिद ।

आवश्यक कागजातहरु:

१.संस्था दर्ता प्रमाण पत्र र नविकरणको प्रतिलीपि ।

२.स्थायी लखा नम्बर प्रमाण पत्रको प्रतिलीपि ।

३.सहकारी र फर्मको हकमा गत आ.व सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी (कर छुट भए सम्बन्धित कार्यालयको प्रमाण)

४.संस्थाको गत आ.व को लेखा परीक्षण भएको प्रतिवेदको प्रतिलिपी ।

५.सहकारी/समुहको कार्यक्रम सम्बन्धि संस्थगत निर्णयको प्रतिलिपी ।

६.सम्बन्धित वडा कार्यालयको सिफारीस ।

कमल बहादुर सुनार

कमल बहादुर सुनार
कार्यालय प्रमुख